मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
राजविराज, सप्तरी

फोन नं. ९८५२८२०७६५
akcsaptari@gmail.com
www.akcsaptari.p2.gov.np

पत्र संख्याः २०८२/०८३
च.नं.

मितिः- २०८२/०४/१२

सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत स्यालो/समरसिबल ट्युवेल/सोलार पम्प प्रणाली जडान तथा सञ्चालनका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१२

यस कृषि ज्ञान केन्द्र, सप्तरीको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत स्यालो/समरसिबल ट्युवेल/सोलार पम्प प्रणाली जडान तथा सञ्चालन गर्न "सुख्खा एवम खडेरीबाट तत्काल राहतका लागि भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि २०८२" अनुसार १५ % लागत साझेदारीमा ईच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले सात दिन (मिति २०८२/०४/१८ गते) भित्र तपसिलको कागजात सहित अनुसूची २ बमोजिमको निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयको वेभ साईट वा सूचना पाटी वा सम्बन्धित पालिकाको सूचना पाटी हेर्न सकिनेछ । सुख्खा प्रभावित क्षेत्रका कृषकहरुलाई प्राथमिकता दिईनेछ तर सतह सिंचाईबाट सिंचाई भईरहेका क्षेत्रहरु र विगत दुई आ.व.मा यस्तै किसिमको अनुदान पाईसकेका अनुदानग्राहिहरुलाई कम प्राथमिकतामा राखिनेछ । प्रस्ताव स्विकृत गर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहनेछ । म्याद नाघी प्राप्त भएका तथा झुठो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ ।

तपसिलः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. कार्यक्रममा सहभागी हुने कृषकहरुको २ (दुई) विघा जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपी,
३. अनुसूची २ बमोजिमको निवेदन फाराम,

किसुन देव राउत
नि. प्रमुख